# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/ ११ /०५

पांचौ अधिवेशन

(दशौं बैठक )

बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरू,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको पांचौ अधिवेशनको दशौं बैठकको कार्वाही प्रारम्भ हुन्छ

ढ्याप्ढ्यापेमा माननीय मालामत कुमारी रानाः- माननीय सभामुख महोदय राष्ट्रिय थरुहट थारुवान का संयोजजक लक्ष्मण मथारु फाल्गुन 1 गते आमरण अनसनमा बस्दैआएका आज ५ दिन भएकोछ प्रदेश सरकारले सम्मान गर्नुत कहाँहो कहाँ आमरण अन्सन कारी हरूको स्वास्थ्य अवस्था बुझ्न सरकारको ध्यानगएको छैन लक्ष्मण थारुको स्वास्थ्य लाजुक हुदै गइरहेको छ ।सान्ति पुर्ण तररिकाले आफ्ना माग मुद्दा उठाउनु आमरण अन्सनमा वस्नु गलत भन्न मिल्दैन आमरण अन्सन अन्तिम विकल्प मानिन्छ। थारु हरुले यसै संघिय लोकतान्त्रिक गणतन्त्र मा टेकेर आफ्ना मुद्दा सम्वोधन यराउन कुदीरहेका छन। संविधानमा मादेखिएका त्रुटी संशोधन मार्फत अधिकार खोजिरहेका छन संघ र प्रदेशले गम्भीर भएभर लिएनभने जीउ धनजनको क्षति भएमा प्रदेश सरकारले जिम्मेवारी लिनुपर्छ सभामुख महोदय माननीय रेसम लाल चौधरि लगायत ११ जनालाइ झुटा मुद्दा लगाका 11 जनाको रिहाई लगायत लाइ प्रतिवेदन सावर्जनिक गर्न गराउन प्रदेश सरकार गम्भीर होस प्रदेशसर संग जोडदार माग गर्न चाहान्छु धन्यवाद

**माननीय सदस्यहरु,**

अब, "साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

"साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" माथि अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम **१२१** को उपनियम (**२**) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई अनुमति दिन्छु ।

माननीय माया भट्टः- माननीय सभामुख महोदय साजेदारि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अर्थविकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भएपश्चात

प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोसभनी प्रदेश सभा निमया 2074को नियम १२१को उपनियम२ को देहाय खण्ड खः- बमोजिम यो प्रस्ताव प्रस्तुतगर्दछु धन्यावाद

**माननीय सदस्यहरू,**

अब म, उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ ***"साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"*** माथि अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"**साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथि दफावार छलफल समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम मा० लाल वहादुर खड्कालाई समय दिन्छु ।

**माननिय लाल वहादूर खड्का**

माननीय सभामुख महोदय साझेदारि ब्यबसाय दर्तागिर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 2076 ढिलैभएपनि यो सभामा आएकोछ। म त्यसकालागि सरकार लाई धन्या वाद दिन चाहन्छु। विषयगत समितिले अत्यन्त मेहेनत गरेर दफा दफामा छलफल गरेर आएको हुनले यो एन तत्कालै पास गरेर लागूगर्न सके भने सुदूर पश्चिमका लागि अझ राम्रो हुन्छ भन्ने मलाइ लागेकोछ यहाँ खासगरिकन उद्यो व्यवसायको क्षेत्रमा सरल्ता आउनेछ र हिजो गर्दै आएका उद्ध्योग व्वसाय दर्ता हुन नसकेका छन उहा हरुलाइ बैधानिक ढंगले ल्यायो भने करको पनि सुदूर पश्चिमको आर्थिक वृद्धि लाई पनि टेवा पुगाउने र हाम्रो सुदूर पश्चिमको राजस्व मापनि वढ्ने र उद्योग हरु दर्ता गरेर लैजान सकेभने सुदूर पश्चिमको को राजस्वलाइ पनि टेवा पुगाउनेछ समग्रमा सुदूर पश्चिमको आर्थिक विकासमाम हत्वपूर्ण भूमिका निर्वाह गर्नेछ त्यसकारण यो एनलाई हामीले पाँस गरेर लैजन आवश्यकछ भन्ने मलाइ लाग्छ संसगै हामि एन पास गर्छौं पास गरिसकेपछि एनलाई पूर्णता दिनकालागि नियमावली कार्यविधि हरु लाईपनि व्यवस्थित गर्दै जानुपर्ने हुन्छ।हामिले केहि महत्व पुर्ण उन हरुपनि हामिलेर पास गरेका छौ । जसको नियमावलि र कार्यविधी

नभनेका कारणले अहिलेसम्म कवर्या न्वयनमा आयन नसकेको अवस्था पनिछ । अलि बढ्ता महत्वकासाथ हामीले अगाडि बढाएको स्वरोजगार सम्बन्धी जुन वेरोजगार संगपनि जोडिन्छ। त्यो एनलाइ पासगरे नियमावलि र कार्यविधी अहिले सम्म वनेकोछैन त्यसो हुनाले योतिरपनि सरकारको ध्यान जाओस भन्ने कुरा राख्न चाहन्छु अर्को हामि सदन र विषयगत समितिमा छलफल गर्दैगर्दा कार्यान्वयन पक्षका कर्यान्वन तहमा बसेका कर्मचारीहरु लाइ पनि समावेश नगर्नाले हो या त्यसको मुल उद्देस्य भन्दा पनि हामी फरक जाने मर्म भन्दापनि फरक ढंगले नियमावली आयने र कार्यविधिले एनलाइ पूर्ति नदिने खालको समस्या पनि गरेकोछ । अब हामी जति एन पास गर्दछौं । हहामिले महत्व पुर्ण नहरु पास गरेका छौ र त्यसलाइ पुर्णता दिने र कर्यान्वयनको तहमा पुर्याउन हामि लाग्नु पर्छ । र अहिले पनि के देखिरहेका छौंभने राज्यको पुनर्संरचना भइसकेपछि हिजोकै कार्यविधिहरु केन्द्रीय सरकारले हिजो लागूगरेका कार्यविधि अहिले कर्मचारिको एक तहमाहामिले देखेका छौ त्यसो भउका कारणले त्यहि मानसिकता बाट फरिपनि कार्यक्रम सुरुगर्ने कार्यक्र मसञ्चालन गर्नेर खालको मानसित्का पनि छ । तसलाइ पनि कसरीहो व्यवस्थापन नगरे भने हामी जतिचाडो खोजिरा छौ हाम्रा एन हरु पास गर्ने र कर्यान्वन तहमा पुगाउने र त्यसको अनुभूति जनताले गर्ने र सरोकार बालाले गर्ने जुन विषययछ तसमा केहिखालको अप्ठेरोछ त्यसो हुनाले छलफलमा पनि विषयगत समितिमा पनि त्यो कर्यान्वन तहको त्याहाँको स्थायी सरकारको रुपमा रहेको हुन्छ कर्मचारीहरु जुन विषयगत सँग सम्बन्धित हुन्छ यहाहरुलाइ पनि राखेर छलफल गरेर राख्न सक्यो भने अझ राम्रो हुन्छ । यदि त्यसो भएन भने पनि एनको मर्म अनुसार हाम्रा नियमावलि वन्ने र हाम्रा कार्यविधि पनि र कहिले काहि कस्तो हुँदोरहेछ भने मर्मलाई पनि नआउने र आसय पनि नआउने तर कार्यविधिले ऐनलाई पूर्णरुपले कर्य विधिले पनि परिभासित नगर्ने र कर्यान्यनमा एकखालको जटिल्ता आउने त्यता तिर पनि सरकारले गम्भिर ध्यानदिनु पर्छ भन्नेलाग्छ साझेदारीको व्यवसायिक एन त उद्योग व्यवसायिको क्षेत्रलाई अगाडि नबढाइकन मुलुक पनि अगाडि वड्न सक्दैन प्रदेशपनि अगाडि बढ्न सक्दैन कुनैपनि क्षेत्र अगाडि बढ्न सक्दैन त्यसैले यो अत्यन्त महत्व पुर्ण एन पनि हो भन्ने मलाइ लाग्दछ। बढीसे वढि ऐनको दायरामा ल्याउने दर्ताप्रक्रियालाइ अगाडि बढाउने र उहाँ हरुलाइ राजस्व परिचालन लगायतका काममा सहभागी गराउने कुरामा सरोगार वाला मन्त्रालयको ध्यन जावस र यो एन अत्यन्त महत्वपूर्ण थियो यसलाइ गहकिलो छलफल गरेर त्यसलाई पारित गरेकाछौं। यसका केही अपूर्णता होलान पछि सच्याउँदै जाउला तरपनि यसलाइ पास गरेर अगाडि बढाउनुपर्छ भन्नेकुरा भन्न चाहान्छु र अन्तमा मैले यो कंचनपुर जिल्लामा हात्तिको आतङ्क अत्यन्त बढी रहेको छ सभामुख महोदय अरु वर्षमा एकमहिना जति हात्ती भरतिय दुधुवा नेस्नल पउकका हात्त आयथै तर यस वर्ष वर्ष भरि हात्तिहरु आएका छन ३ जना मान्छेको ज्यान लिइ सकेको छ । धेरै ठुलो नोक्सानि प्र्याएको छ हिजो मात्रै सुने कञ्चनपुरको ढक्का जहाँ आरक्ष पीडितहरूको बसोबास क्षेत्र छ त्याहाँ पुरै पुरै तहस नहस पारेको छ त्यसो हुनाले यतातिर पनि प्रदेश सरकारको ध्यान जावस हात्ति ठुलो आतंक श्रीवना गरेको छ मान्छेहरु त्यो सुक्ला फाटा ष्ट्रिय निकुञ्ज चुरे सामुदायिक बनको पेरि फेरिमा बस्ने मानिसहरूको जीवनअत्किित भउकोछ र अहिले पनि मान्छेहरुमा त्रासको वातावर्णछ त्यता तिरपनि प्रदेशसरकारको ध्यान जावस भन्दै म आफ्ना भनाइ यहि टुङ्ग्यायछ धन्यवाद

**मा० भरत वहादुर खड्काः-**

सभामुख महोदय साझेदारि व्यवसाय दर्तागर्ने म्बन्धमा व्यवस्थागर्न बनेको विधेयक को अन्तिम चरणमाछौ र यसका सैद्धान्तिक रुपमा यहाँ छलफल भएकोछ र समितिले सरोकार वालासँग छलफ लगरेर प्रतिवेदन पनि आएकोछ र त्यो प्रतिवेदनको पनि हामीले अध्ययन गर्दाखेरि केकुराहरु सुधार आएका छन। मलाई केलाग्छ भन्दाखेरी अव याँहा प्रतिवेदन र विधेयकको बारेमा कुरागरेर यो समावेसत होला जस्तो लाग्दैन प्रतिवेदनमा मासाथी हरुले सारै मिहिनत गरेका छन र सिमितका सभापति र समितका साथि हरुलाइ धन्यावाद दिन चाहानरछु कतिपय सव्द हरुमा सुधार गरेकाछ न केहि छुटेका पनि छन । जस्तो एकाघरको कारोबार साझेदारी भन्न नहुने तल आएको ५। कोदफा 5को1 मा दफा ३ मा साझेदारीको विषयमा दुई वा दुईभन्दा बढी कारोबारगर्दा साझेदारीको रुपमा लिनसकिन्छ भन्छ तल आएर बबन्देज गरेकोछ। त्सैले मलाइ यो आफैमा कन्ट्रो भए जस्तो लाग्छ। यि कुराहरुलाई हटाउनुपर्छ र अर्कोकुरा अलिकति एउटै सिर्षकमा राख्दा पनि कतिपय हुने कुराहरुछन। जस्तो व्यवसाय गर्ने मान्छेको नाम अर्कोकुरा स्थान व्यवस्थागर्ने स्थान नाम र स्थान भनेर राखेपनि हुछ अरुकुरा यसरि राख्दा पनि हुन्छ यो विधेयक आफैमा महत्वपूर्णछ। मलाई केलाग्छ भन्दाखरि हाम्रो व्यवसाय उद्योग बारेमा निति वनाएर हामीले सुदूरपश्चिमको सन्दर्भमा कस्तो किसिमको उद्ध्योग व्यवसाय सम्बन्धी नीति बनाउँदा यहाँको सम्भावना लाई उजागर गर्नसक्छौ। या सम्भावनाको जगमा हाम्रो उद्योग व्यवसाय लाइ अगाढि वडाउन सक्छौ। किनकि लोक्ल रिसोर्सेज हरु योक्षेत्रलाई पनि वर्गीकरण गरेर पहिचान गरेर हामिले यसलाइ पोइलेसि बनाएर अगाडि बढाउँदा प्रभावकारी हुन्थ्यो र हामीले यो विधेयक वनिसके पछि कानुन वनिसके पछी नियमनन् गर्छ वाटोत खुलाउछ हामिले कारखाना व्यवस्थामा आर्सुण गर्ने खालको कुरा याहाँ देखिएन म एकचोटि भिजिटमा भारतका अहिलेका सम्माननीय प्रधानमन्त्री मोदीविकै गाउँ कजभुजमा गएका थियौं त्यो केहि वर्ष अगाढी भुकम्प गएको थियो पुनःनिर्माणको अध्यनकोलागि त्यो विचमा पर्ने ठाउँ ठाउँको नाम म भुलियए त्यो डिजर्ड टाइपको रहेछ रेन टेक्स नतिर त्याहँका मानिस हरु सरकार टेक्स वुजानु पर्ने रहेछ पछिगएर सरकारले त्यसलाइ पलानिङ गर्यो त्याहाँ उद्योग धन्दाहरु सप्पै राख्नथाल्यो त्यस पछी त्यो ठाउँको कायापलट भयो त्यसैले यो निति पलानिङ नगरिकनएन नियमले नियमनन् गर्छ वाटोत खुलाउछ। त्यसमा केभन्दाखेरी लगानी कर्ता लाई आकर्षण हुनेखालको कुराहरु आउनु पर्यो त्यो लेन्ड लाइ यति वर्षसम्मका लागि ६याक्स फ्रि भनिदियो त्याहाँ लगानि पनि वड्यो र त्याहाँका मान्छेले रोजगारि पनि पाए हामिले खालि एन कानुन बनाएर मात्र हुँदैन।त्सैले मलाइ के लाग्छ भन्दा खेरि यो सेक्ट्को सम्भावना केकेहो योकुराको हामी पहिचान गरौं। कुन खालको उद्योग धन्दा हामीसँग हाम्रो हामी अध्ययन गरेका एउटा कुटीर उद्योगहरु जुन हाम्रै स्रोतबाट उद्योगहरूको सञ्चालन हरु जमनामा गरेकाथियौ आजति मरेर गए। आज घरेलु हरुले धेरै किसिमको ट्रेनिङ दिन्छन। ति भोलि काममाम व्यवाहारमा त्योआउँदैनन जसले उत्पादन वडायदैन त्यसैले एन काकानुन आयदा सुदूर पश्चिमको यो किसिमको सुदूर पश्चिमको सरकारले यव किसिमको अवसर प्राप्त गरेकोछ याहाँ लगानि लगाइको छ। भन्ने खालको हामीले गर्न सकेनौ र यद्ध्योग हरु र व्यवसाय हरूको वर्गीकरण गर्नसकेनौं

यि सेक्टर हरुको कोपहिचान गर्न सकेनौ भने यो ऐन ऐन मात्रै रहन्छ यसबाट धेरैफाइदा हुनसक्दैन कअर्को कुरा पुजिको सुरक्षा कुनैपनि लगानी कर्ताले कुनैपनी व्यवसायमा लगाउँदा चाहे त्यो उद्योग होस चाहे अन्य व्यवसायमा लगाउदा सर्वप्रथ केहुन्छ भने मैले लगाको पुजी सुरक्षित हुन्छकि हुँदैन योकुरा उसको पहिलो चिन्ताको विषयहुन्छ। त्यसैले गर्दा लामै देखिन पुँजीको सुरक्षाको बारेमा मौन वस्यौ यसमा किनभने हरेकलगानि कर्ताले सोच्छ यसको पुजि सुरक्षित हुनछकि हुदैन त्यो वातावर्ण यो प्रदेशमा छकि छैन भन्नेकुरा यसको प्रार्थमिक्तामा पर्छ। पहिलो शान्ति सुरक्षा यहाँको राजनीतिक स्थायित्व याहाँको परिवेस यि सवै कुरालाई हेर्छ। यो लगानीकर्ताले यसको पुजि सहीमानेमा त्याहाँ सुरक्षित हुन्छकि हुँदैन भन्ने कुराहरुलाई पनि हेरेकोहुन्छत्यसै मैले भन्न खोजेको कुराकेहो भन्दा खेरि अलिकति यदार दिलले हामिले संकुचित तरिकाले ऐन वनाउनका लागि वनाउने कुरा एउटा होला तर यो क्षेत्रलाइ अगाडि वडाउनका निम्ति आथिक सम्वृदि तिर लैजानका लागि हामिले अगडिको सोच राखेर हिड्ने पर्छ यो कछुवाकतिले वाना पुर्याउने किसिमले हामिले यो क्षेत्रलाई अगाडि बढाउन सक्दैनौ त्यसैले लिउन अरुको पनि सल्लाह लिउ यि विधेयक कानून विधेयक आउनुभन्दा अगाडिपनि योसेक्टरका मान्छे हरुलाइ विज्ञ हरुलाइ पनि वोलाउ माथिवाट सुदूर पश्चिमको सन्दर्भमा हामी यो विधेयक वनाउदै छौ योकिसिमले वनायदै छौ हायर गरेर पनि ल्याउन सकिन्छ विज्ञहरुलाई भने यि सेक्टरहरूको विकासर विस्तारका लागि भन्ने खालले हामिले गएनौ भने मलाइ केलाग्छ भने नियमनन गर्ने खालको कानुन भन्दा अरुकाम गर्दैन हामीसंग न अहिले सम्म केहि रेकर्ड छ । कुन कुन कुरामा हामि असफल भयौ के कारणले हामि असफल भयौ यहिनि हाम्रो चिनि मिल पनि थियो त्यो अत्यनत महत्व पुर्ण थियो सुदुर पश्चिमका लागि किसानका लागि याहाँको आर्थिक समवृधिका लागि यि मिलहरुले ठुलो योगदान पुर्याउथ्यो मरेर गयो कारणहरू केहुन हामिले कहिलै समीक्षा गरेनौ त्यसैले लोक्कल रोर्सवाटपनि वस्तै डोटिकै कुरा गरौ पाहाडि कागज हरु उत्पादन गर्ने त्यो खप्परको सेरो फेरोमा वणु भन्ने जातको एउटा बोटा यसको लोकुता वाट परम्परागत शैलीमापनि पाहाडि कागत लाइ तयार गर्थ्यौं हामि केटाकेटि हुदाखेरि त्यो कागतमा कारोबार हुन्थ्यो तर अहवलेपनि पहाडी कागतमा गरेको कारोबार सक्टेन हुनछ त्यो लोक्कल रिसोर्स हो त्यसैले त्योस म किसिमका केके कुन हुनसक्नन तेस्ता चिजहरु पनि हुनसक्छन जस्तै डीबुटी का पुराना अभियन्ता हामीसँग धेरैकुरा हामीसँग भएको सम्भावनाको यो सुदूर पश्चिममा हामीले लगानि कर्तालाई पनि सहज हुने खालको वातावरण विनाश नहुनेमा लाग्छ प्रदेश र सुन्दर प्रदेशा बनाउन सक्छौं अब आफैराम्रो कुराहो अबहामीले जतिकुरा गरेपनि यसबाट जतीभाषण सकेपनि योकेहि हुँदैन यो छलफलमा भागलिने एउटा हाम्रो एउटा निर्णय आउनुभन्दा पूर्वतयारी पको किसिम बाट हाम्रो सुदूरपश्चिम लाई भाग्य रउत्पादकत्व वनाउन सक्छकि सक्दैन भनेर भाषण गराउँदा साथीभाइहो तर यसको उपलब्धि केहो जनताले खोजेको उपलब्धि केहो पहिचान हस जनताले पनि खोजेको आर्थिकसमृद्धि नैहो सुशासन को रुपमा भन्दापनि व्यवहारमा उत्पादक बनाउने सवालमा सरकार सम्बन्ध पनि त्यहाँ एकठाउँमा बसेर जानुपर्छ र उत्पादककोदर बनाउनुपर्छ शुभेक्षा ब्यक्तगर्दछु।धन्या वाद मा०मालावती कुमारि रानाः- माननीय सभामुख महोदय आज हामी साझेदारि व्यवसाय दर्ता गर्ने समवन्धमा गर्न वनेको विधेयक २०७६ माथि हामि दफावार छलफल गरिरहेका छौ। यो विधिएक अत्यन्तै महत्वपूर्ण विधेयकहो योविधेयकलाइ हामीले पासगरौ

भने यो विधेयकले यो प्रदेशको विकास सम्बृद्धिमा टेवा पुर्याउनेछ र रोजगारको पनि व्यवस्था गर्नेछ त्यसकारण यो एकदमै महत्व पुर्ण विधेयक छ । हाँहामीले चाहिँ भन्ने गरेकाछौं हामीले सरसल्लाह सुझाव दिने गरेका छौ । यदि हाम्रोकुरा लाग्छभने कार्यान्वयन हुन्छभने हामी चाहिं मचाहिँ भन्नचाहन्छु 4 को दफा 2 को च बमोजिम कुनै उद्योग व्यवसाय वा अन्य पेशा सञ्चालन गर्ने काम सम्झनुपर्छ भन्नेमा योदफा संशोधन गर्न आबस्यक देखिएकोछ यसमा अन्य पेशाको स्पष्ट व्याख्या गरेको देखिएन अन्य पेशा शब्दले धेरै विषयमा अर्थआउने भएकोले जस्तै व्यापारपनि पेशाको अर्थ लाग्छ।किसानले कृषिपेसा गरेमा पनि कृषि पेशाको अर्थालाग्छ। राजनीति गर्नेले पनि राजनीतिक पेशाको अर्थ लाग्ने भएको हुनाले अन्य पनि हरेक क्षेत्रमा हरेक पेशा हरु छन त्यसमा अनेक अर्थ लाग्ने भएको हुनाले त्यसो भएको हुनाले मैले अन्यको अगाडि व्यवसायक काम भन्ने जनाउने छ भन्ने थप्नु पर्छ। मेरो सुझाव हो । क्रमसंख्या 7 को पर्तेयक साझेदारको नाम थर र स्थायी ठेगाना विद्युतीय ठेगानामात्रै छ यसमा तीनपुस्ता तिन पुस्त नाम विद्युतीय नाम र ठेगान समेत हुनुपर्छ भन्ने मैले थपेको छु मेरो योसुझावहो र क्रमसंख्या 11औं दफा३ संशोधन कोमहलमा हटाइएको जुन उल्लेखछ विख्यात विश्लेषण यसमा देखिएन त्यसैले उपदफा 2 बमोजिम स्वीकृत प्राप्त नगरी सम्म संचालन गर्न पाइने छैन यसमा मेरो समर्थन छ तर सञ्चालन गर्न यहाँ र सञ्चालन व्यवसायले यदि प्रदेशलाई असर पुग्ने व्यवसाय सञ्चालन गर्न गरिएकोछ भने त्यसको व्यवसायलाई तुरुन्त रोक्नुपर्ने त्यस्तो भएकोले मैले थप यसमा उपदफा 2 बमोजिम स्वीकृत नगरेसम्म वा गरिसकेपछि प्रदेशभई असरपुग्ने व्यवसाय सञ्चान गर्ने रोक लगाउनेछ आवश्यक थप आवस्यक देखिएकोछ मैले मेरो सुझाव र त्यहीँ यहाँ क्रमसंख्या 17 दफा 32 को १ मा सन्सोधनमा साझेदारले कबुलियत वारामा साझेदारको भूमिका निर्वाह नगरेको मचाहि थपी प्रतिनिधित्व गर्ने विषयमा थप्ने आवष्यक देखिएमा थपि बंन्देज बनाउन सक्नेछ भन्ने मेरो सुझावछ । धन्यवाद

**मा०मान वहादूर सुनारः-**

माननीय सभामुख महोदय जुन हाम्रोयो साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको बनेको विधेयक 2076 लाइ प्रदेश सभा नियमावली 2074 कोउपनियम 22 बमोजिम सभामा पारित गरियोस भनि प्रस्ताव गरेको विधेयक एकदमै राम्रोछ। सह्रानीयछ सरकारले ल्याएकोछ ढिलै भएपनि अत्यन्त राम्रोछ यस्लाइ हामीले पारित गरेर जानुपर्छ र यसका साथ साथै अघी हाम्रो माननीय भरत वहादुर खड्काले भन्नु भएकोछ गुजरातमा गएर हेर्दाखेरि त्यहाँको मोडलिटि त्याहाँको विकास जुनप्रकारले भएको थियो यउद्योग लाई व्यवसायी हरुलाई यदिहामीले कुनैप्रकारको छुट दिईबन भनेपछि उनले त्यो व्यवसाय गर्नपनि सक्दैनन् उनिहरुलाइ अगाडि बढ्न सक्दैनन् उनीहरुको पुजि पनि उनीहरुले त्यसको पनि सुरक्षा चाहान्छन त्यसो भएको कारणले हामिले व्यपार व्यवसाय गर्न हामिले सौलिएत दिएर व्यपारि यद्ध्योगि हरुलाइ हामिले व्यवस्था गर्न सक्यौ भने निश्चित रुपले यहाँ हाम्रो सुदुरपश्चिम प्रदेश व्यापारमा पनि अगाडिबढ्नेछ उद्ध्योगमा पनि अगाडि वड्नेछ त्यसो भएको कारणले यसलाइ म समर्थन गर्न चाहान्छु र यसलाइ पास गरियोस भन्न चाहान्छु। र त्यसका साथ साथै अलिकति म फरक पङ्गमा जन चाहान्छु फरक पनिहोला मेरो तपाईंको दोधारा चाँदनीमा सुख्खा वन्दर्गाहा काबनाउने भनेको थियो यसलाइ छिटोभन्दा छिटोवनाइयो त्यसका

साथसाथै हाम्रोत्यहा  यो एकीकृत जाँच चौकी  र सुख्खा बन्दरगाहा एक आपसमा रिलेटेड भएका कारणले त्याहाँको सुख्खा बन्दरगाह छिटो भन्दा छिटो वन्यो भने पछि हाम्रो वेदकोट नगरपालिका अध्योगिक  क्षेत्र कालागि क्षेलामा त्याहाँ हामीले उद्ध्योग क्षेत्र वनाएका छौ त्यलाइ पनि हामी अगाडि बढाएर त्यसलाई पनि हामी छिटोभन्दा छिटोमा  त्यसलाइ लग्यौ भनेपछि त्याहाँको यो ओध्योगिक क्षेत्र पनि हामीलाई अगाडि वडाउन छिटो भन्दा छिटो जानुपर्छ  यसबाट हाम्रो सममानित सदनलाई म केभन्न चाहान्छु भने सुख्खा वन्द्रगाह र अद्ध्योगक क्षेत्रले र एकिकृत जाँच चौकीलाई छिटोभन्दा छिटो बनाइयोहो भन् यो पममानित सदनबाट  सभामुखमार्फत छिटो केन्द्र सरकारलाई पुर्याइयोस भन्न चाहन्छु साथै यो हाम्रो डेण वर्ष भएकोछ दाधरा चादनि र हाम्रो महाका लीनगरपालिका लाइ दाधरा चादनि नगरपालिका बनाइयोस भनेर हामिले यो सममानित सदन बाट पास गरेर पठाएको थियो अहिलेसम्म अहिलेसम्म त्योतपाईंको कहाँ गयो अत्तो पत्तो छैन हिजो पनि मैले मुख्य मन्त्रि ज्यूलाइ पनि भनेको थिए त्यो केभएको छ  ।त्यो केभएको छ।अहिले सम्म आएन छिटो भनुदा छिटो त्यसलाइ दोधरा नगरपालिका बनाइयोस भने हामिले पिहिला पनि पारित गरेर पठाएका थियौ। त्यसलाइ छिटो भनुदा छिटो दोधरा नगर पालिका वनाइयोस भन्ने जोडदार माग गर्न चाहान्छु। र त्यसका साथसाथै हाम्रो क्षेत्रमा उखुछ त्याहाँ मिल छैन त्याहँ सामान्य गड वनाउने मिल हरुले उखु लैजान्छन। अहिले 250 रुपयाँ 565 रुपयाँ उखुको मुल्यछ भने 250 उखु दिन वाध्य भैराखेका छन  । तयसो भएका कारणले त्याँ काटा राखेर हुन्छकी  त्याहाँ एउटा समेति गठन गरेर हुन्छकि त्याहाँका किसान हरुलाइ पनि त्यही अनुपातमा पैसा दिने व्यवस्था गरियोस त्यहि हिसाफले अगाडि जानुपर्छ।र अर्को अहिले म भर्खर एयर पोट पुगेर आउदैछु एयर पोटको वाटोमा प्रधानमन्त्री स्वदेशि विदेशि सम्पूर्ण मान्छे हरु आउने वाटोमा खाल्टो परेकोछ। त्यो खाल्टो पुर्न नसकेर हामिचाहि सुदूर पश्चिम प्रदेश मलाइ लाग्छ हामिसबै त्यसले गर्दा अपमानित भएका छौ। त्य एयरपोर्टको वाटो पनि फराकिलो पारियोस त्यसलाइ पनि राम्रो भन्दा राम्रो वनाइयोस र यसलाइ अन्य    व्यापार व्यवसायका लागि पनि सम्पूर्ण हामि सबैलागेर त्यसलाइ    छिटो भन्दा छिटो वनाइयोस र अर्को हाम्रो स्थानीय निकायको जुन सेवा सुविधा हरु दिने कुरा छ  स्थानीय निकाय लाइ पनि उहाहरुको सेवा सुविधा कसरि दिनु पर्छ छिटो भन्दा छिटो पारित गर्नु पर्यो यदि दिने हैन भने पनि हामी लाईपनि उहाहरुले के भन्नु हुन्छभने तपाइहरु पनि सेवा सुविधा खानु भएन भन्नेकुरा भएकोले यि सबै कुराहरुलाई यो संपूर्ण छिटोभन्दा छिटो पारितहोस भन्दै विदा हुन्छु धन्यावाद

**मा० सुशीला वुडाथोकीः-**

माननीय सभामुख महोदय  साझेदारी व्यवस्थागर्न दर्ता गर्न सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयक २०७६ सदनमा आइ सदनवाट समितिमा गइ दफावार छलफलगरी समिति मा गैसकेकोछ समितिका सम्पूर्ण अध्यक्ष लगायत सम्पूर्ण सदस्यज्यू हरु यो विषयमा धेरै छलफल गरी उहाँहरुले धेरै विचारगरि विज्ञहरु ल्याएर सल्लाह गरि  पठाइएकोछ प्रतिवेदन पठाइएको छ। यो प्रतिवेदन मथि   अहिले छलफल भइरहेकोछ र यो सुदूरपश्चिम प्रदेश बासीको निमित्त योविधेयक अतिनैख महत्वपूर्णछ  किनभने व्यवसाय गर्न इच्छुक  भएका सम्पुर्ण जनताहरूको लागि यो विधेयक  महत्वपूर्ण पनिछ र यो सरकारले बेलामा विचारगरी यो विधेयक ल्याउनु भएकोमा महार्दिक धन्यवाद व्यक्त गर्नचाहन्छु र मैले यो विधेयक शसरसरी सबै १ देखि २३ अध्यन

गरि उहाहरुले महत्वपूर्ण छलफल गरी सल्लाहगरी र सच्याएर आएकोछ यसमा धेरै कमीकमजोरी देखिएन त्याहाँ एउटा कमेट केछभने सिमांकृर् वर्गका मानिसहरु महिलाहरु र उद्यमी हरूको लागि करको छुटको ब्यबस्था भैदिएको भए अझ एकदम यहाँका जनताहरु लाभाम्वित हुन्थे र याहाँ जुन प्रदेश सरकारले लिएको नारा समृद्ध नेपाल सुखी नेपालि भन्ने जुन नाराछ यस्तै व्यवसायी हरुबाट यो परदेशमा जनाको पनि साक्षरता हुन्थ्यो भन्ने कुरा मैले याहाँ राख्नचाहेकोछु र यो विधेयकमा महत्वपूर्ण छलफलगरी आएको कारणले गर्दा मयसमा यो भन्दा बढी छलफल मैले गर्नेछैन भन्नेकुरा राख्दै मेरोभनाई अन्तरगर्दछु धन्यवाद

**मा० टेक वहादुर रैका अउजजी**

माननीय सभामुख महोदय साझेदारी व्यवसाय गर्तागर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ अति महत्वपूर्ण विषयहो यसलाइ छलफलका लागि वुदागत छलफल गरेर फरि सदनमा पेस भएको छ। र समर्थनगर्ने चाहान्छु र यसमा बुदागत छलफलमा भन्दापनि केहिकुराहरु सुझाव समेट्न सकिन्छ भने म समितिमा अनुरोध गर्न चाहान्छु सिमाङ्कृत समुदायले सञ्चालन गरेका व्यवसाय हरुलाई राज्यले समुह गतलाइ कुनै किसिमको धितो नराखिकन नागरिक्ता लाइ धितो मानेर वा समुदायलाइनै धितोमानेर समुदायलाई लाभान्दित हुने गरि सरकारले सोचिदिएको भए प्रदेश सरकारले त्यो धितो प्रमाणउत्र राखिदिएको भए महत्व पुर्ण हुने थियो । जस्योकि अर्थिक सामाविक रुपले पछाडि पणेका एकल महिला दिदि हरुको दर्दनात्मक अवस्थाछ र अहिले एकल महिला समूहलेपनि साहकारि संस्था मार्फत समुहमा लगानी गरेर आफ्नो दैनिक गुजरा गरिरहेका छन। यस्ता प्रम्परा देखिका सिपको आधुनिकि करण सिलाइ कटाइ वेत वासका कामहरुभए छालाजुत्ता उद्योग सम्बन्ध यस्तालाई समुहगत रुपमा यसुता लाइ नागरिकताको आधारमा कुनै प्रकारको धितो नलिइकन रिणको व्यवस्था सहित गर्दछ भन्नेकुरा राखिदिएको भए अझ महत्वपूर्ण कुरा हुने थियो योकुराहुने थियो। किनभने अझेपनि जमिन छ। लालपुर्जा छैन । जमिन छ नागरिक्ता छैन। अहिले पनि सिमाकृत दलित हरु अन्य पछाडि परेका वर्गहरु सवै आर्थिक समाजिक रुपमा पछाडि परेका वर्गहरु मध्य नजर गरेर सरकारले सोभोस र सरकारले सुझापगत रुपमा लेओस भन्नेकुरा माननीय सभामुख मार्फत प्रदेश सरकारलाइ निवेदन गर्न चाहान्छु र म धेरै कुराहरु हाम्रो प्रेदस राम्रोप्रदेस हाम्रो उद्ध्योग हाम्रोसञ्चालन हाम्रो व्यवस्था हाम्रो कार्य क्षेत्र यो प्रदेशलाइ उन्नति र पर्गति गर्नकालागि जो साझेदारि सम्वन्धमा व्यवस्था गरेको विधेयक जुन सदनमा पास हुदैछ। यसलाइ आफ्लो पुर्ण समर्थन दिदै विदाहुन्छु। हवसत धन्यावाद।

**माननीय सदस्यहरू,**

"साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" माथि दफावार छलफल समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई “साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६” माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

मा० मन्त्रि माया भट्ट

माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्तागर्ने सम्बन्धमा वनेको विधेयक माथी यो गरिमामय सदनमा महत्वपूर्ण र सुझावहरु आएका छन छलफल भएकोछ र छलफलमा उठेका विषयहरु महत्वपुर्णछन साझेदारी ब्यवसाय दर्तागर्न सरकारले आवश्यक ठानुयो सरकारको योजना लक्ष्य सम्वृधिको आधार र व्यवसाय दर्ता हुनुपर्ने आवश्यक देखिएकोले व्यवसाय दर्ता विधेयक सदनमा पेशभइ अनुसार विधेयकमाथि सबैठाउँमा छलफल भएर यहाँ आइपुग्दा महत्वपूर्ण सुझावहरु उठेकाछन सिमान्तकृत वर्ग हरुलाई कर छुट दिनुपर्ने विषयहरु उठान भएका छन्। नियमावली मा ल्याउनुपर्ने विषय पनिछन् अनि विधेयकमा अहिले तयार भएको विधेयकमाथि संसोधन गर्न यो थपगर्न नसकिने भएपनि जनमैत्री उद्योगमैत्री र व्यवसाय मैत्रि कानुन हुनुपर्छ भन्ने सुझावको रुपमा उठेका विषय हरुलाइ नियमा वलि मामार्फत ल्याउन सकिनेहोभने नियमावलि मार्फत आउने र संशोधन गर्नु पर्नेहो भनेपनि यो गरिमामय सदनले सन्सोधन ल्याउनु पर्नेहो विषय ठानेछ भनेपनि तिकुरा हरु हुनेछन् अहिले महत्वपूर्ण विषयहरु उठान भएका विषयहरुलाई सरकारले ल्याउनु पर्ने विषयहरु याहाँ महत्व पुर्ण सुझावहरु राख्रुभएकोछ। मा० लाल वहादुर खड्का माननीय भरत खड्का मा० टेक वहादुर रैका मा० मालामति कुमारि राना मा० मान वहादुर सुनार माननी यसुशीला बुढाथोकी यो महत्वपूर्ण सुझाव हरुलाई समावेश गरि अहिले समावेश गरिनेछ भन्दै विदाहुन्छु धन्यावाद

**माननीय सदस्यहरू,**

अब,म **“**साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २३ (तेईस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“**साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** माथि दफावार छलफलको कार्य समाप्त भई *अर्थ,विकास तथा प्राकृतिक स्रोत* समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २३ (तेईस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

**अ**ब म, विधेयकका २ देखि ५२ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **"**साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ५२ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले *"साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"* को अंङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना:** व्यापार र उद्योग व्यवसाय गर्ने साझेदारी व्यवसायहरुको दर्ता,नियमन,सहजीकरण र तत्सम्वन्धि अन्य व्यवस्था गरी सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धी र आमजनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ

**संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम **"साझेदारी व्यवसाय ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"**साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले ***"साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"*** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"**साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४

को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।
**माननीय मन्त्री मागा भट्टः-** माननीय सभामुख महोदय साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव प्रस्तुत प्रसतुत गर्दछु धन्यावाद

**माननीय सदस्यहरू,**
अब, म उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ ***"****साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६****"*** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।
**माननीय सदस्यहरू,**
**"**साझेदारी व्यवसाय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल फाल्गुन ६गते मङ्गलबार दिनको ३.०० बजे बस्ने भएकोले उक्त मिति सम्मकालागी बैठक स्थगित भएको घोषणा गर्दछु ।